## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट गाउँपालिका
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

वैठक संख्याः ०७-२०८२/०८३

मिति २०८२/०९/२४ समय: दिनको २:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री राजिव पन्थी | प्रमुख प्रशासकीय अधिकृत |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

श्री कमल पौडेल व. प्रशासन सहायक

श्री [illegible] गुरुङ (जिन्सी तथा राजस्व शा॰ (प्रा) [illegible]

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०८२/०९/२४ वैठक संख्याः ०७-२०८२/०८३

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. गाउँ सभामा पेश हुने विषयवस्तु सम्बन्धमा ।
३. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।
४. राजिनामा स्वीकृत सम्बन्धमा ।
५. IEE स्वीकृत गर्ने सम्बन्धमा ।
६. परामर्श सेवा खरिद सम्बन्धमा ।
७. शिक्षक सरुवा सम्बन्धमा ।
८. करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देवघाट गाउँपालिका, गाउँ सभाको सत्रौं अधिवेशनमा तपसिल्ल बमोजिमका प्रस्ताव गाउँ सभामा पेश गर्नेको लागि स्वीकृत गर्ने निर्णय गरियो ।

क) देवघाट गाउँपालिकाको प्लाष्टिकजन्य वस्तुको प्रयोगमा नियमन, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२
ख) देवघाट गाउँपालिकाको धार्मिक संघ संस्था दर्ता तथा व्यवस्था गर्न बनेको विधेयक, २०८२
ग) कार्यक्रम संशोधन तथा रकमान्तर गर्ने विषयहरु
घ) सार्वजनिक लेखा समितिको बेरुजु नियमित गर्ने विषयहरु
ङ) केही प्रशासनिक कार्य गर्ने सम्बन्धी प्रस्ताव
च) न्यायिक समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा देवघाट गाउँपालिकाको विधेयक समितिमा मस्यौदा तयार भई पेश हुन आएका देहायका कार्यविधिहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) देवघाट गाउँपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८२
ख) देवघाट गाउँपालिकाको बालश्रम मुक्त घोषणा कार्यविधि, २०८२
ग) देवघाट गाउँपालिकाको आदिवासी जनजाति उत्थान कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा देवघाट गाउँपालिका योजना शाखामा कार्यरत प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृतस्तर छैटौं तहका अधिकृत श्री राम प्रसाद सापकोटाले मिति २०८२/१०/०१ गते देखि लागू हुने गरी दिनुभएको राजिनामा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ५ स्थित साँढेवगर घाट र कालीभतेरीघाटको नदीजन्य पदार्थ उत्खनन् निकासी सम्बन्धमा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (IEE) को अनुमति प्राप्त परामर्शदाता चेतना ईन्जिनियरिङ्ग सर्भीस प्रा.लि., भरतपुर-११, चितवनले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा देवघाट गाउँपालिका वडा नं. ३ स्थित वाटक खोलाको कल्भर्ट निर्माण (प्रदेश समपुरक विशेष अनुदान) योजनाको Estimate, Design, Drawing तथा Cost Estimation Report र गोरखकालिका आधारभूत विद्यालय को Structural Design, Drawing, Cost Estimation Report तयार गर्नका लागि अध्ययन अनुसन्धान परामर्श शीर्षकबाट खर्च गर्ने गरी परामर्श सेवा खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा श्री चेतना आधारभूत विद्यालय, देवघाट-१ मा कार्यरत प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षक श्री नारान वि.क. लाई यस गाउँपालिका अन्तर्गत श्री बज्रयोगिनी माध्यमिक विद्यालय देवघाट-५ मा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी विषयको रिक्त स्थानमा सरुवा गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देवघाट गाउँपालिका कार्यालय वा अन्तर्गत कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको करार म्याद २०८३ साल असार मसान्तसम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष